माधव नारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
माधोपुर, रौतहट
मधेशप्रदेश, नेपाल

**स्थानीय राजपत्र**

**वर्षः ८** **संख्याः४** **मितिः २०८१/१२/१९**

**भाग-२**

नेपालको संविधानको धारा २२६ बमोजिममाधव नारायण नगरपालिकाको नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्व साधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# माधव नारायण नगरपालिकाको कर्मचारी अवकाश (उपदान) सेवा संचालनकार्यविधि, २०८१

**प्रस्तावनाः**

नेपालको संविधानले अंगीकार गरेको सुशासनप्रवर्धन गर्न, कर्मचारीहरुको उचित व्यवस्थापन गरी समयानुकुल सेवाप्रवाहगर्न र स्थानीयतहको काम कारवाहीलाई सरल, सहज र पारदर्शी तवरबाट गुणस्तरीय तथा सेवामुखी बनाउँदै विगतलामो समयदेखि साविक स्थानीय निकायको सेवामा समर्पित भै कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका साविक स्थानीयनिकाय (गा.वि.स., नगरपालिका र जि.वि.स.) तर्फका स्थायी कर्मचारीहरुले अवकाश पछि पाउने उपदान रकमव यवस्थित गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी माधव नारायण नगरपालिका नगरकार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## अनुच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्तनाम र प्रारम्भ :-**

(१) यस कार्यविधिको नाम“माधव नारायण नगरपालिकाको कर्मचारी अवकाश(उपदान) सेवा संचालन कार्यविधि, २०८१” रहेको छ ।

(२) यो कार्यविधि कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका तत्कालीन स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २४९ र २५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१३ अनुसार पदपूर्ति गरिएका साविक स्थानीय निकायका

नियम २६४ चौथो संशोधन, नियम २६५, २६६, २६७ र २६८ बमोजिमका कर्मचारीहरुमा मात्र लागू हुनेछ ।

(३) यो कार्यविधि नगरसभाबाट पारितभएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा र व्याख्याः**

**विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-**

(क) "ऐन"भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र कर्मचारी समायोजन ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यविधि"भन्नाले कर्मचारी अवकाश (उपदान) सेवा संचालन कार्यविधि, २०८१सम्झनु पर्छ ।

ग) "उपदान"भन्नाले तत्कालीन स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २४९ र २५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१३ अनुसार पदपूर्ति गरिएका कर्मचारीहरुले नियम २६८ बमोजिमप्राप्तगर्ने उपदानलाई सम्झनु पर्छ ।

(घ) "कर्मचारी कल्याण कोष"भन्नाले यस नगरपालिकाबाट संचालनमा रहेकोकर्मचारी कल्याण कोष र सो को लागितयार भएको निर्देशिकालाई सम्झनु पर्छ ।

(ङ) "उपचार खर्च"भन्नाले कर्मचारी समायोजन ऐन २०७५ अनुसार तत्कालीन स्थानीय निकायका कर्मचारीहरुलाई उपलब्ध गराइने उपचार खर्चलाई सम्झनु पर्छ ।

(च) "कार्यपालिका"भन्नाले माधव नारायण नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(छ) "कार्यालय"भन्नाले माधव नारायण नगरपालिका नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ र सो शब्दले नगरपालिकाको संगठन संरचनामा रहेको शाखा/उपशाखाकालागि गठन गरिएको प्रशासनिक एकाई वा वडा कार्यालय समेतलाई जनाउँछ ।

(ज) "स्थानीय निकाय"भन्नाले साविकगाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिलाई सम्झनु पर्दछ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत"भन्नाले स्थानीय सरकार सचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ञ) "स्थानीय कर्मचारी"भन्नाले साविकजिल्ला विकास समिति, गाउँ विकास समिति र नगरपालिकामा स्थायी नियुक्ति भई कर्मचारी समायोजन ऐन २०७५ बमोजिम माधव नारायण नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा समायोजन भएका कर्मचारीलाई सम्झनु पर्दछ ।

## अनुच्छेद २

## स्थायी पदमा कार्यरत कर्मचारीहरुले पाउने अवकाश सुविधा सम्बन्धी व्यवस्था

**३. उपदानः**पाँच वर्ष वा सो भन्दा बढी सेवा गरेको स्थानीय कर्मचारीले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराइ पदबाट अलग भएमा वा भविष्यमा स्थानीयतहको सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाइएमा वा अवकाश दिइएमा देहायको दरले उपदान पाउने छ ।

(क) पाँच वर्ष देखि दश वर्ष सम्म सेवा गरेका स्थानीय तहको स्थायी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाईपाई आएको आधा महिनाको तलव बराबरको रकम,

(ख) दश वर्ष देखि पन्ध्र वर्षसम्म सेवा गरेका स्थानीयतहको स्थायी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाईपाई आएको एक महिनाको तलव बराबरको रकम,

(ग) पन्ध्र वर्षदेखि बीस वर्षसम्म सेवा गरेका स्थानीय तहको स्थायी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाईपाई आएको डेढ महिनाको तलव बराबरको रकम,

(घ) बीस वर्ष देखि पच्चीस वर्षसम्म सेवा गरेका स्थानीय तहको स्थायीकर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाईपाई आएको दुई महिनाको तलव बराबरको रकम,

(ङ) पच्चीस वर्षभन्दा बढी सेवा गरेका स्थानीय तहको स्थायी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाईपाई आएको अढाई महिनाको तलव बराबरको रकम ।

४. **योगदानमाआधारित उपदान** :स्थानीय सरकार संचालन ऐन, २०७४, को दफा ९१ को उपदफा २ माजुनसुकै कुरा उल्लेख भएता पनि निवृत्तभरण कोष ऐन, २०७५ को दफा १० बमोजिमको कर्मचारीको योगदान सम्बन्धी रकम सो ऐन लागू भएपछि स्थानीयतहमानियुक्तभएका स्थायीकर्मचारीहरुलाई मात्रलागु भएको मानिने छ ।

५. **कर्मचारी कल्याण कोष** :कर्मचारी कल्याण कोषमा कर्मचारी समायोजन ऐन २०७५ बमोजिम तत्कालीन स्थानीय निकाय तर्फका कर्मचारीहरुलाई उपदान, औषधि उपचार, विदा बापतको रकम भुक्तानी गर्नु पर्दछ । स्थानीय तहले प्रत्येक वर्ष आफ्नो कार्यालयलाई आवश्यक पर्ने कम्तिमा एक महिना बराबरको रकम जम्मा गर्नु पर्दछ ।

६ **औषधिउपचार खर्चः** स्थानीय तहमा समायोजन भएका कर्मचारीले सेवा अवधि भरमा अधिकृत स्तरको कर्मचारी भएमा बाह्र महिना बराबरको र सहायक स्तरको कर्मचारी भए अठार महिना बराबरको खाइपाई आएको तलव रकम उपचार खर्च वापत पाउने छ ।

७. **घर बिदाको रकम भुक्तानी सम्बन्धि व्यवस्था :-** स्थाई कर्मचारीहरुको अवकास हुँदा वा राजीनामा दिई सेवाबाट निवृत हुँदापाउँने संचित रहेको बिदा मध्ये एक सय अस्सी दिन (१८०) बराबरको तल बवापतको रकम भुक्तानी गरिने छ ।

८. **बिरमी बिदाको रकम भुक्तानी सम्बन्धि व्यवस्था :-**स्थाई कर्मचारीहरुको अवकास हुँदावा राजीनामा दिई सेवाबाट निवृत हुँदा निजको सञ्चित विरामी विदा वापतको पदाधिकार रहेको पदबाट खाईपाई आएको तलबको दरले हुन आउने रकम निजलाई एकमुष्ट रकम भुक्तानी गरिने छ ।

९. **वीमा सम्बन्धीव्यवस्थाः** स्थानीयत हले स्थानीय तहका कर्मचारी र सो तहबाट समान रकम व्यहोर्ने गरी वीमा सम्बन्धी आवश्यक व्यवस्था गराउनु पर्नेछ ।

१०. **विदाको रकम भुक्तानी** : स्थानीय तहका कर्मचारीहरुलाई प्रचलित ऐन कानून अनुसार कर्मचारीको संचित विदा वापतको रकम भुक्तानी गरिने छ ।

**११.** स्थायी कर्मचारीहरुको अवकाश हुँदा वा राजिनामा दिई सेवाबाट निवृत्त हुँदा पाउने उपचार खर्च, बिरामी विदा, घर बिदा लगायतका सुविधा संघीय र प्रादेशिक कानुनहरुलाई आधार मानी गणना गरिनेछ ।

**१२. बाधा अडकाउ फुकाउनेः-**

(१) यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा कुनै बाधा अडकाउ परेमा नगरकार्यपालिकाले आदेश पत्रजारी गरी बाधा अडकाउ फुकाउन सक्नेछ ।

(२) उपदफा (१)बमोजिमको आदेश स्थानीय राजपत्रमा प्रकाशित गरिने छ ।

**१३. खारेजी र बजाउः-**

(१) यो कार्यविधि साविक स्थानीयनिकाय (जिविस, गाविस, नगरपालिका) बाट स्थायी नियुक्ति भई माधव नारायण नगरपालिकामा समायोजन भएका कर्मचारीहरुमा मात्र लागू हुनेछ ।

(२) कार्यविधि नेपालको संविधान, संघीय कानून, प्रदेश कानून र अन्य प्रचलित कानूनसँग बाझिएमा वाझिएको हदसम्म स्वतःनिष्कृय हुनेछ ।

(३) संघीय ऐन, कानुन बनेको हकमा सोही ऐन कानुनको अधीनमा रही सोही ऐन कानुनअनुसार नबाझिएको हदसम्म परिमार्जन गर्न सकिनेछ ।

आज्ञाले<br>
नागेन्द्र राय यादव<br>
प्रमुख प्रशासकीय अधिकृत